# बकैया गाउँकार्यपालिकाको मिति २०७५।४।२० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

## १. गाउँपालिकाको दररेट निर्धारण सम्बन्धमा :-

बकैया गाउँपालिकाको लागि आर्थिक वर्ष २०७५।७६ को स्थानीय दररेट निर्धारण गर्न गठन भएको दररेट सिफारिस समितिको सिफारिस बमोजिम जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको मकवानपुर जिल्लाको आ व २०७५।७६ को दररेटमा तपशिल बमोजिम शंशोधन गरी बाँकी सेवा तथा सामाग्रीको दररेट जिल्ला दररेट बमोजिम नै हुने गरी कायम गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क सं | सेवा/कार्य | ईकाई | आ व २०७५।७६ को जिल्ला दररेट | आ व २०७५।७६ को गाउँपालिकाको दररेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | **ईनार खन्ने कार्य** | | | | |
| १.१ | पहिलो ३ मिटर सम्मको गहिराई(३६ इन्च देखि ४२ इन्च व्यास) | प्रति मिटर | ६३० | ७५० | |
| १.२ | ३ देखि ६ मिटर सम्मको गहिराई(३६ इन्च देखि ४२ इन्च व्यास) | प्रति मिटर | १००० | १२५० | |
| १.३ | ६ देखि ९ मिटर सम्मको गहिराई(३६ इन्च देखि ४२ इन्च व्यास) | प्रति मिटर | १३१० | १५७२ | |
| २ | **ट्रक/ट्र्याक्टरबाट ढुवानी** | | | | |
| २.१ | ट्रक/ट्र्याक्टरबाट कच्ची सडकमा | प्रति किमी प्रति क्विन्टल | २.२५ | ४.०० | |

## २. नमुना कार्यविधि पारित सम्बन्धमा :-

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्थानीय तहको कार्य संचालन सहजताका लागि तयार गरि पठाइएका तपशिल बमोजिमका नमुना कार्यविधी तथा निर्देशिकाहरुलाई बकैया गाउँपालिकाको विद्येयक समितिको सिफारिस बमोजिम नमुना कार्यविधीका व्यवस्थालाई नै यथावत राखी पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

- उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५
- घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५
- बजार अनुगमन निर्देशिका २०७५
- सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५

## ३. योजना संचालन कार्य तालिका सम्बन्धमा :-

बकैया गाउँपालिकाबाट आर्थिक वर्ष २०७५।७६ मा उपभोक्ता समिति मार्फत संचालन गरिने योजना संचालन गर्नको लागि तपशिल बमोजिमको योजना संचालन कार्यतालिका अनुरुप योजना संचालन गर्ने निर्णय गरियो ।

| क सं | क्रियाकलाप | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | बैशाख | ज्येठ | असार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन | | | | | | | | | | | | |
| २ | उपभोक्ता समितिलाई अभिमुखिकरण | | | | | | | | | | | | |
| ३ | योजनाको सम्झौता | | | | | | | | | | | | |
| ४ | योजनाको कार्यान्वियन तथा फरफारक | | | | | | | | | | | | |

**<u>४. सम्पति कर प्रयोजनको लागि जग्गाको न्यूनतम मुल्याँकन सम्बन्धमाः-</u>**

बकैया गाउँपालिकाको सम्पति कर व्यवस्थापन कार्यविधी २०७५ बमोजिम संकलन गरिने सम्पति कर लिने प्रयोजनको लागि मालपोत कार्यालय मकवानपुरबाट निर्धारण गरिएको जग्गा मुल्याङ्कन लाई न्यूनतम आधार मानी त्यस बमोजिम नै सम्पति कर संकलन गर्ने गरी सर्वसम्मत निर्णय गरियो ।

**<u>५. गाउँपालिका भवन र वडा कार्यालय भवन निर्माण सम्बन्धमाः-</u>**

बकैया गाउँपालिकाको स्थायी कार्यालय भवन निर्माणको लागि तयार गरिएको विस्तृत आयोजना प्रतिवेदन(DPR) बमोजिम नियमानुसार भवन निर्माणको प्रकृया अघि बढाउने निर्णय गरियो । त्यस्तै अस्थायी भवन निर्माणको लागि लागत अनुमान तयार गरि निर्माणको प्रकृया अघि बढाउने निर्णय गरियो । र चालु आर्थिक वर्षमा गाउँपालिका तथा वडा कार्यालय भवन निर्माण शिर्षकमा विनियोजन गरिएको रकमबाट बकैया गाउँपालिकाका १, ६, ८, १० र ११ नं वडा कार्यालय भवन निर्माणको प्रकृया अघि बढाउने निर्णय गरियो ।

**<u>६. रिक्त दरवन्दिमा सेवा करारको लागि विज्ञापन प्रकाशन सम्बन्धमाः-</u>**

बकैया गाउँपालिका अन्तर्गत रहेका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाइहरुमा रिक्त रहेका दरवन्दीहरुमा तथा शशर्त अनुदानबाट गाउँपालिकालाई विनियोजन भएको रकम र समानीकरण अनुदानबाट स्वास्थ्य तर्फको विनियोजना गरीएको बजेटबाट करार सेवामा कर्मचारी लिने प्रकृया अघि बढाउने निर्णय गरियो।

**<u>७. गाउँपालिका स्तरीय खेलकुद समिति गठन सम्बन्धमा</u>**

बकैया गाउँपालिका भित्र गाउँपालिकाको वार्षिक कार्यक्रम तथा अन्य संघ संस्थाबाट संचालन गरिने खेलकुद कार्यक्रम तथा गतिविधीलाई व्यवस्थित गर्न गाउँपालिका स्तरीय खेलकुद कार्यक्रम संचालन कार्यविधी निर्माण गर्ने निर्णय गरियो । त्यस्तै गाउँपालिका स्तरीय खेलकुद समिति गठन गरी गाउँपालिका भित्र संचालन हुने

सम्पुर्ण खेलकुद क्रियाकलापहरुलाई उक्त समितिको अगुवाई तथा समन्वयमा संचालन गराउने निर्णय गरियो ।

**<u>८. सार्वजनिक सुनुवाई सम्बन्धमा</u>**

बकैया गाउँपालिकाबाट आर्थिक वर्ष २०७४।७५ मा संचालन भएका वार्षिक कार्यक्रमहरुको जानकारी सम्पुर्ण गाउँपालिकाबासीलाई गराई सुशासनको प्रत्याभुती दिलाउन भदौ मसान्त सम्ममा बकैया गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने निर्णय गरियो ।

**<u>९. आन्तरिक लेखा परिक्षण सम्बन्धमा</u>**

बकैया गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को आन्तरीक लेखा परिक्षण कार्यको लागि गाउँपालिकाको आफ्नो छुट्टै आन्तरिक लेखा परिक्षण शाखा स्थापना भई नसकेकोले कोष तथा लेखा नियन्त्रक कार्यालय मकवानपुरलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

बकैया गाउँपालिका मकवानपुर